नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.................................................... शाखा)

सिंहदरवार, काठमाण्डौ

प.सं. : ०७७/०७८
च.नं. : ६६५

## प्रेस वक्तव्य

आज मिति २०७८ साल बैशाख ३१ गते शुक्रबार नेपाल सरकारका कानून, न्याय तथा संसदीय मामिला मन्त्री माननीय लिलानाथ श्रेष्ठज्यूले आफ्नो पदभार ग्रहण गर्नु भयो।

उक्त अवसरमा माननीय मन्त्रीज्यूले ७७ वटै जिल्लामा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने प्रयोजनको लागि अधिकृतस्तरको अधिवक्ताको व्यवस्था गर्ने तर्फ कारबाही अगाडि बढाउने, स्थानीय तहमा रहेका न्यायिक समितिका पदाधिकारी र कर्मचारीको क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्नुका साथै कानून अधिकृतको व्यवस्था गर्ने, मौलिक हक कार्यान्वयन गर्न आवश्यक पर्ने कानूनी व्यवस्थालाई पूर्णता दिने र कोभिड १९ को संक्रमण नियन्त्रण गर्ने कार्यमा आवश्यक सहयोग पुऱ्याउन निर्देशन समेत दिनुभयो। उक्त अवसरमा माननीय मन्त्रीज्यूलाई स्वागत गर्दै मन्त्रालयका सचिव श्री उदयराज सापकोटाले मन्त्रालयका कर्मचारीको तर्फबाट माननीय मन्त्रीज्यूलाई निरन्तर सहयोग रहने विश्वास दिलाउनु भयो।

२०७८/१/३१

(राजाराम दाहाल)

सूचना अधिकारी

फोन नं.:४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४२११६८४